**EUROPEAN UNION ELECTION OBSERVATION MISSION**
**NEPAL Constituent Assembly Election 2008**

# चालीसजना दीर्घकालीन पर्यवेक्षकहरू ईयू निर्वाचन पर्यवेक्षण मिसनमा सामेल

**काठमाडौँ, चैत ११** - युरोपेली सङ्घ (ईयू)का चालीसजना दीर्घकालीन निर्वाचन पर्यवेक्षकहरू चैत २८ गते हुने तय भएको संविधानसभाको निर्वाचनका लागि नेपाल आइपुगेका छन् । उनीहरू १५ वटा भिन्न ईयू राष्ट्र एवं नर्वे र स्विट्जरल्यान्डबाट आएका हुन् ।

उनीहरू फागुन २६ गते मिसनको स्थापना तथा समन्वय गर्न आइपुगेका नौजना निर्वाचनविद्हरूको काठमाडौँमा रहेको मुख्य टोलीमा सामेल हुनेछन् । ईयू पर्यवेक्षण मिसनको नेतृत्व युरोपेली संसद्का डच सदस्य जान मुल्डरले गर्नुभएको छ ।

काठमाडौँमा विस्तृत जानकारी पाएपछि यी दीर्घकालीन पर्यवेक्षकहरूलाई चैत १२ गते दुई/दुईजनाको समूहमा नेपालभर खटाइनेछ । उनीहरूले ७५ मध्ये ६२ जिल्लालाई समेट्नेछन् र दुईवटा डुलुवा टोलीले अरू कम सुगम जिल्लाहरूको भ्रमण गर्नेछन् ।

"दीर्घकालीन पर्यवेक्षकहरूले आ-आफ्नो क्षेत्रमा निर्वाचनको दिन, त्यसअघि र पछि निर्वाचन प्रक्रियाको विस्तृत विश्लेषण गर्नेछन्," उपप्रमुख पर्यवेक्षक थोमस बोसेरपले भन्नुभयो । "उनीहरू जिल्ला सदरमुकाममा मात्र सीमित नरही गाउँगाउँमा पनि जानेछन् । निर्वाचनको दिनभन्दा केही हप्ता पछिसम्म क्षेत्रक्षेत्रमा रहने पर्यवेक्षकहरूको त्यति ठूलो सङ्ख्या हामीसँग हुनुले नेपालमा पारदर्शी निर्वाचन तथा प्रजातान्त्रिक सुधारप्रतिको हाम्रो प्रतिबद्धतालाई दर्शाउँछ ।"

अरू ७० जना अल्पकालीन पर्यवेक्षकहरू चैत १९ गते मिसनमा सामेल हुँदैछन् । मतदान तथा मतगणना प्रक्रियाको पर्यवेक्षण गर्न उनीहरू निर्वाचनको दिनअघि जिल्लाजिल्लामा खटिनेछन् । मिसनमा ईयूका २२ राष्ट्र एवं नर्वे र स्विट्जरल्यान्डका गरी कुल १२० जना हुनेछन् ।

सबै ईयू पर्यवेक्षकहरू निर्वाचन पर्यवेक्षणसम्बन्धी अन्तर्राष्ट्रिय आचारसंहिता एवं नेपाली आचारसंहिताबाट बाँधिएका छन् । यसको अर्थ उनीहरू आफ्नो काममा अत्यन्त तटस्थता कायम राख्नेछन् र निर्वाचन प्रक्रियामा कुनै पनि रूपबाट हस्तक्षेप गर्नसक्दैनन् ।

ईयू निर्वाचन पर्यवेक्षण मिसनले निर्वाचनको दिनभन्दा केही पछि पत्रकार सम्मेलनमा निर्वाचनसम्बन्धी आफ्नो प्रारम्भिक मूल्याङ्कन प्रस्तुत गर्नेछ । यो निर्वाचनको केही हप्तापछिसम्म नेपालमा रहनेछ र निर्वाचन प्रक्रिया अन्त्य भएको दुई महिनाभित्र एउटा बढी विस्तृत अन्तिम प्रतिवेदन प्रकाशन गर्नेछ ।

**टेलिभिजनको टोली तथा तस्बिर सम्पादकहरूका लागि :**
**जिल्लाजिल्लामा जानका लागि पर्यवेक्षकहरू याक एन्ड यती होटेलबाट प्रस्थान गर्दै गरेको दृश्य चैत १२ गते बिहान ६:०० देखि ७:०० बजेसम्म छायाङ्कन गर्न सकिने छ ।**

थप जानकारीका लागि सम्पर्क गर्नुहोस् : अन्ना ओवेन, प्रेस अधिकृत
मोबाइल : ९७७ ९८४१ ८९०८८१
ल्यान्डलाइन : ९७७ १ ४४४१५०१/२
इमेल anna.owen@eueomnepal.org
कार्यालय : होटेल याक एन्ड यती, पश्चिमी भाग तेस्रो तला, दरबार मार्ग, काठमाडौँ